# प्रदेश लोक सेवा आयोग

## गण्डकी प्रदेश, पोखरा

## प्रदेश निजामती सेवा र स्थानीय सेवाका सहायक चौथो तहका प्राविधिक तथा अप्राविधिक पदहरूको आन्तरिक, खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन

**सूचना नं. २९९/२०८१-०८२** | **प्रकाशन मितिः-२०८१।०९।१०**

गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका देहायका समूह, उपसमूह र तहका पदको आन्तरिक, खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली http://onlineppsc.gandaki.gov.np बाट अनलाइन दरखास्त दिनुपर्नेछ। प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका खुला तथा समावेशी प्रतियोगिताका परीक्षा एकीकृत रुपमा एकै पटक सञ्चालन हुनेछ र प्रतियोगितात्मक परीक्षाबाट छनोट भएका उम्मेदवारहरूको प्राथमिकताक्रम अनुसार नियुक्तिको लागि प्रदेश तथा स्थानीय तहका सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

### क. सहायक चौथो तह (प्राविधिक)

| क्र.सं. | विज्ञापन नं. ...२०८१-८२ | पद, सेवा, समूह, उपसमूह | प्रदेश/ स्थानीय | किसिम/ समूह | पद संख्या | लिखित परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रथम चरण | द्वितिय चरण |
| १. | ४००१ | असिष्टेन्ट सव-इन्जिनियर, इन्जि., सिभिल | स्थानीय | खुला | २१ | २०८१।११।०७ गते विहान ११.०० बजे | प्रथम चरणको नतिजा प्रकाशन गर्दाको बखत प्रकाशन गरिनेछ। |
| २. | ४००२ | असिष्टेन्ट सव-इन्जिनियर, इन्जि., सिभिल | स्थानीय | महिला | ६ | | |
| ३. | ४००३ | असिष्टेन्ट सव-इन्जिनियर, इन्जि., सिभिल | स्थानीय | आ.ज. | ४ | | |
| ४. | ४००४ | असिष्टेन्ट सव-इन्जिनियर, इन्जि., सिभिल | स्थानीय | दलित | ३ | | |
| ५. | ४००५ | असिष्टेन्ट सव-इन्जिनियर, इन्जि., सिभिल | स्थानीय | वि.खस आर्य | २ | | |
| ६. | ४००६ | असिष्टेन्ट सव-इन्जिनियर, इन्जि., सिभिल | स्थानीय | अपाङ्ग | १ | | |
| ७. | ४००७ | असिष्टेन्ट सव-इन्जिनियर, इन्जि., सिभिल | स्थानीय | थारु | १ | | |
| ८. | ४००८ | खा.पा.स.टे., इन्जि., सिभिल, स्यानिटरी | स्थानीय | खुला | १ | २०८१।११।०८ गते विहान ८.०० बजे | प्रथम चरणको नतिजा प्रकाशन गर्दाको बखत प्रकाशन गरिनेछ। |
| ९. | ४००९ | खा.पा.स.टे., इन्जि., सिभिल, स्यानिटरी | स्थानीय | वि.ख.आर्य | १ | | |
| १०. | ४०१० | नायब प्राविधिक सहायक, कृषि | स्थानीय | खुला | ३ | २०८१।११।१२ गते विहान ८.०० बजे | प्रथम चरणको नतिजा प्रकाशन गर्दाको बखत प्रकाशन गरिनेछ। |
| ११. | ४०११ | नायब प्राविधिक सहायक, कृषि | स्थानीय | वि.ख.आर्य | १ | | |
| १२. | ४०१२ | नायब पशु स्वास्थ्य प्राविधिक, कृषि, भेटेरिनरी | प्रदेश | खुला | १ | २०८१।११।१० गते विहान ११.०० बजे | प्रथम चरणको नतिजा प्रकाशन गर्दाको बखत प्रकाशन गरिनेछ। |
| | | नायब पशु स्वास्थ्य प्राविधिक, कृषि, भेटेरिनरी | स्थानीय | | २ | | |
| | | नायब पशु सेवा प्राविधिक, कृषि, ला.पो.डे.डे. | स्थानीय | | २ | | |
| १३. | ४०१३ | नायब पशु स्वास्थ्य प्राविधिक, कृषि, भेटेरिनरी | स्थानीय | महिला | १ | | |
| | | नायब पशु सेवा प्राविधिक, कृषि, ला.पो.डे.डे. | स्थानीय | | १ | | |
| १४. | ४०१४ | नायब पशु सेवा प्राविधिक, कृषि, ला.पो.डे.डे. | स्थानीय | दलित | १ | | |
| १५. | ४०१५ | नायब पशु स्वास्थ्य प्राविधिक, कृषि, भेटेरिनरी | स्थानीय | अपाङ्ग | १ | | |
| १६. | ४०१६ | नायब पशु सेवा प्राविधिक, कृषि, ला.पो.डे.डे. | स्थानीय | थारु | १ | | |

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश

| क्र.सं. | विज्ञापन नं. ...२०८१-८२ | पद, सेवा, समूह, उपसमूह | प्रदेश/ स्थानीय | किसिम/ समूह | पद संख्या | लिखित परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रथम चरण | द्वितिय चरण |
| १७. | ४०१७ | फरेष्टर, वन, जनरल फरेष्ट्री | प्रदेश | आ.प्र. | १ | प्रथम पत्रः २०८१।११।१४ गते विहान ११.०० बजे<br>द्वितीय पत्रः २०८१।११।१४ गते दिनको १२.१५ बजे | |
| १८. | ४०१८ | फरेष्टर, वन, जनरल फरेष्ट्री | प्रदेश | खुला | २ | | |
| १९. | ४०१९ | फरेष्टर, वन, जनरल फरेष्ट्री | प्रदेश | आ.ज. | १ | | |
| २०. | ४०२० | फरेष्टर, वन, जनरल फरेष्ट्री | प्रदेश | दलित | १ | | |
| २१. | ४०२१ | फरेष्टर, वन, जनरल फरेष्ट्री | प्रदेश | वि.ख.आर्य | १ | | |
| २२. | ४०२२ | अ.न.मी., स्वास्थ्य, प.हे.न. | प्रदेश | खुला | ४ | २०८१।११।१६ गते विहान ११. ०० बजे | प्रथम चरणको नतिजा प्रकाशन गर्दाको बखत प्रकाशन गरिनेछ। |
| | | अ.न.मी., स्वास्थ्य, प.हे.न. | स्थानीय | | २४ | | |
| २३. | ४०२३ | अ.न.मी., स्वास्थ्य, प.हे.न. | प्रदेश | महिला | १ | | |
| | | अ.न.मी., स्वास्थ्य, प.हे.न. | स्थानीय | | ७ | | |
| २४. | ४०२४ | अ.न.मी., स्वास्थ्य, प.हे.न. | स्थानीय | आ.ज. | ५ | | |
| २५. | ४०२५ | अ.न.मी., स्वास्थ्य, प.हे.न. | स्थानीय | दलित | ३ | | |
| २६. | ४०२६ | अ.न.मी., स्वास्थ्य, प.हे.न. | प्रदेश | वि.ख.आर्य | १ | | |
| | | अ.न.मी., स्वास्थ्य, प.हे.न. | स्थानीय | | २ | | |
| २७. | ४०२७ | अ.न.मी., स्वास्थ्य, प.हे.न. | स्थानीय | अपाङ्ग | १ | | |
| २८. | ४०२८ | अ.न.मी., स्वास्थ्य, प.हे.न. | स्थानीय | थारु | १ | | |
| २९. | ४०२९ | कोल्डचेन असिष्टेन्ट, स्वास्थ्य, हेल्थ इन्पेक्शन | प्रदेश | खुला | ३ | २०८१।११।१७ गते विहान ११. ०० बजे | प्रथम चरणको नतिजा प्रकाशन गर्दाको बखत प्रकाशन गरिनेछ। |
| | | अ.हे.व, स्वास्थ्य, हेल्थ इन्सपेक्सन | प्रदेश | | १ | | |
| | | अ.हे.व, स्वास्थ्य, हेल्थ इन्सपेक्सन | स्थानीय | | ३० | | |
| ३०. | ४०३० | अ.हे.व, स्वास्थ्य, हेल्थ इन्सपेक्सन | स्थानीय | महिला | ८ | | |
| ३१. | ४०३१ | कोल्डचेन असिष्टेन्ट, स्वास्थ्य, हेल्थ इन्पेक्शन | प्रदेश | आ.ज. | १ | | |
| | | अ.हे.व, स्वास्थ्य, हेल्थ इन्सपेक्सन | स्थानीय | | ७ | | |
| ३२. | ४०३२ | कोल्डचेन असिष्टेन्ट, स्वास्थ्य, हेल्थ इन्पेक्शन | प्रदेश | दलित | १ | | |
| | | अ.हे.व, स्वास्थ्य, हेल्थ इन्सपेक्सन | प्रदेश | | १ | | |
| | | अ.हे.व, स्वास्थ्य, हेल्थ इन्सपेक्सन | स्थानीय | | ४ | | |
| ३३. | ४०३३ | अ.हे.व, स्वास्थ्य, हेल्थ इन्सपेक्सन | स्थानीय | वि.ख.आर्य | ३ | | |
| ३४. | ४०३४ | अ.हे.व, स्वास्थ्य, हेल्थ इन्सपेक्सन | स्थानीय | अपाङ्ग | २ | | |
| ३५. | ४०३५ | अ.हे.व, स्वास्थ्य, हेल्थ इन्सपेक्सन | स्थानीय | थारु | १ | | |
| ३६. | ४०३६ | डार्करुम असिष्टेन्ट, स्वास्थ्य, रेडियोग्राफी | प्रदेश | खुला | १ | **प्रथम पत्रः** २०८१।११।१९ गते विहान ११.०० बजे<br>**द्वितीय पत्रः** २०८१।११।१९ गते दिनको १२.१५ बजे | |
| ३७. | ४०३७ | डार्करुम असिष्टेन्ट, स्वास्थ्य, रेडियोग्राफी | प्रदेश | महिला | १ | | |
| ३८. | ४०३८ | बैद्य, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद | स्थानीय | वि.ख.आर्य | १ | **प्रथम पत्रः** २०८१।११।२० गते विहान ११.०० बजे<br>**द्वितीय पत्रः** २०८१।११।२० गते दिनको १२.१५ बजे | |
| ३९. | ४०३९ | ल्याव असिष्टेन्ट, स्वास्थ्य, मे.ल्या.टे.,ज.मे.ल्या.टे. | प्रदेश | खुला | १ | २०८१।११।२१ गते विहान ८.०० बजे | प्रथम चरणको नतिजा प्रकाशन गर्दाको बखत प्रकाशन गरिनेछ। |
| | | ल्याव असिष्टेन्ट, स्वास्थ्य, मे.ल्या.टे.,ज.मे.ल्या.टे. | स्थानीय | | १ | | |
| ४०. | ४०४० | ल्याव असिष्टेन्ट, स्वास्थ्य, मे.ल्या.टे.,ज.मे.ल्या.टे. | प्रदेश | आ.ज. | १ | | |
| ४१. | ४०४१ | ल्याव असिष्टेन्ट, स्वास्थ्य, मे.ल्या.टे.,ज.मे.ल्या.टे. | स्थानीय | दलित | १ | | |

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश

## ख. सहायक चौथो तह (अप्राविधिक)

| क्र.सं. | विज्ञापन नं. ...२०८१-८२ | पद, सेवा, समूह, उपसमूह | प्रदेश/ स्थानीय | किसिम/ समूह | पद संख्या | लिखित परीक्षा कार्यक्रम प्रथम चरण | द्वितीय चरण |
|---|---|---|---|---|---|---|---|
| १. | ४५०१ | प्रशासन सहायक, प्रशासन, प्रशासन | स्थानीय | आ.प्र. | ६ | **प्रथम पत्र:** २०८१।१२।०३ गते विहान ८.०० बजे<br>**द्वितीय पत्र:** २०८१।१२।०३ गते विहान ९.१५ बजे | |
| २. | ४५०२ | क. प्रशासन सहायक, प्रशासन, प्रशासन | प्रदेश | खुला | ३ | २०८१।१२।०२ गते विहान ११.०० बजे | प्रथम चरणको नतिजा प्रकाशन गर्दाको बखत प्रकाशन गरिनेछ। |
| | | ख. प्रशासन सहायक, प्रशासन, प्रशासन | स्थानीय | | २८ | | |
| | | ग. लेखा सहायक, प्रशासन, लेखा | प्रदेश | | १ | | |
| | | घ. लेखा सहायक, प्रशासन, लेखा | स्थानीय | | २ | | |
| ३. | ४५०३ | क. प्रशासन सहायक, प्रशासन, प्रशासन | प्रदेश | महिला | १ | | |
| | | ख. प्रशासन सहायक, प्रशासन, प्रशासन | स्थानीय | | ७ | | |
| ४. | ४५०४ | क. प्रशासन सहायक, प्रशासन, प्रशासन | प्रदेश | आ.ज | १ | | |
| | | ख. प्रशासन सहायक, प्रशासन, प्रशासन | स्थानीय | | ७ | | |
| ५. | ४५०५ | क. प्रशासन सहायक, प्रशासन, प्रशासन | स्थानीय | दलित | ३ | | |
| ६. | ४५०६ | क. प्रशासन सहायक, प्रशासन, प्रशासन | स्थानीय | वि.ख.आर्य | ३ | | |
| | | ख. लेखा सहायक, प्रशासन, लेखा | स्थानीय | | १ | | |
| ७. | ४५०७ | प्रशासन सहायक, प्रशासन, प्रशासन | स्थानीय | अपाङ्ग | १ | | |
| ८. | ४५०८ | प्रशासन सहायक, प्रशासन, प्रशासन | स्थानीय | थारु | १ | | |
| ९. | ४५०९ | स.म.वि.नि, प्रशासन, विविध | स्थानीय | खुला | ४ | २०८१।१२।०४ गते विहान ८.०० बजे | प्रथम चरणको नतिजा प्रकाशन गर्दाको बखत प्रकाशन गरिनेछ। |
| १०. | ४५१० | स.म.वि.नि, प्रशासन, विविध | स्थानीय | महिला | १ | | |
| ११. | ४५११ | स.म.वि.नि, प्रशासन, विविध | स्थानीय | आ.ज. | १ | | |
| १२. | ४५१२ | स.म.वि.नि, प्रशासन, विविध | स्थानीय | थारु | १ | | |

**परीक्षाको किसिमः-** लिखित परीक्षा, सीप परीक्षण र अन्तर्वार्ता **(पाठ्यक्रममा तोकिए बमोजिम)**

**परीक्षा केन्द्रः-** पोखरा

**दरखास्तको माध्यमः-** विज्ञापित सबै पदहरूमा अनलाइन दरखास्त प्रणाली मार्फत दरखास्त बुझाउनु पर्नेछ। आयोगको अनलाइन दरखास्त प्रणाली https://onlineppsc.gandaki.gov.np/ मार्फत दरखास्त पेश गर्न सकिनेछ र दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण आयोगको वेबसाइटमा हेर्न सकिनेछ।

**दरखास्त दिने अन्तिम मितिः-** २०८१/१०/०१ सम्म र दोब्बर दस्तुर तिरी २०८१/१०/०८ सम्म।

**उम्मेदवारको उमेरको हदः-** २०८१/१०/०१ सम्म १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको साथै महिला वा अपाङ्ग उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ। साथै स्वास्थ्य सेवा तर्फका पदमा दरखास्त दिन उमेरको हद १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ। तर संघीय निजामती सेवा, जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा र स्थानीय सेवाका बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

**दरखास्त दस्तुरः-** दरखास्त दस्तुर रु. ५००/- र समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारले थप समूहको १५०/- बुझाउनुपर्नेछ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणाली मार्फत् सिर्जित बैङ्क भौचर (Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको) प्रिन्ट गरी तोकिएको बैंकबाट नगद बुझाउन सकिनेछ। दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणाली मार्फत बैङ्क भौचर सिर्जित भैसकेपछि तोकिएको Payment Service मार्फत् पनि भुक्तानी गर्न सकिनेछ। ***कुनैपनि विज्ञापनमा एकपटक आवेदन दिईसकेपछि सोही विज्ञापनमा पुनः थप/घट गर्न वा दरखास्त सच्याउन सकिने छैन।***

**दरखास्त दस्तुर बुझाउने अवधिः-** २०८१।१०।०९ गते सम्म (सार्वजनिक विदा परेमा सार्वजनिक विदा पछि कार्यालय खुलेको दिनको कार्यालय समय भित्र)

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश

**अपलोड गर्नुपर्ने कागजातहरूः-** उम्मेदवारले शैक्षिक योग्यता (लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्र)समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएकै स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफनो नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग स्क्यान गरी JPG Format मा अपलोड गर्नुपर्नेछ। स्वास्थ्य सेवातर्फका पदहरूमा दरखास्त दिने उम्मेदवारको हकमा व्यवसायिक परिषदको दर्ता प्रमाणपत्र आवश्यक पर्ने भएकोले सो प्रमाणपत्र समेत अपलोड गर्नुपर्नेछ। आन्तरिक प्रतियोगितातर्फ दरखास्त दिने उम्मेदवारले स्थायी नियुक्ति पत्र तथा सम्बन्धित तहमा समायोजन भएको पत्र अपलोड गर्नु पर्नेछ।दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।

**अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्वन्धी प्रचलित कानूनले तोके बमोजिम

**सेवा, शर्त र सुविधाः-** प्रचलित कानून बमोजिम

## आवश्यक न्यूनतम योग्यताः

१. **असिष्टेन्ट सव-इन्जिनियर, इन्जि., सिभिलः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्वन्धित विषयमा तालिम प्राप्त वा प्राविधिक शिक्षालयबाट सम्वन्धित विषयमा टि.एस.एल.सी. उत्तीर्ण।

२. **खा.पा.स.टे., इन्जि., सिभिल, स्यानिटरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी वा सो सरह उत्तीर्ण गरी खानेपानी तथा सरसफाइ विषयमा तालिम प्राप्त वा सम्बन्धित विषयमा दुई वर्षको अनुभव प्राप्त।

३. **नायब प्राविधिक सहायक, कृषि :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट जे.टी.ए. (कृषि विज्ञान) तालिमप्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सी./एस.इ.इ. वा टि.एस.एल.सी./टि.एस.इ.इ. उत्तीर्ण।

४. **नायब पशु स्वास्थ्य प्राविधिक, कृषि, भेटेरिनरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.इ.इ. उत्तीर्ण भई जे.टि.ए. (पशु विज्ञान) तालिम प्राप्त वा कृषि (पशु पालन/पशु स्वास्थ्य) विषय लिई टि.एस.एल.सी./टि.एस.इ.इ. वा सो सरह उत्तीर्ण।

५. **नायब पशु सेवा प्राविधिक, कृषि, ला.पो.डे.डे. :-** मान्यताप्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.इ.इ. उत्तीर्ण भई जे.टि.ए. (पशु विज्ञान) तालिम प्राप्त वा कृषि (पशु पालन/पशु स्वास्थ्य) विषय लिई टि.एस.एल.सी./टि.एस.इ.इ. वा सो सरह उत्तीर्ण।

६. **फरेष्टर, वन, जनरल फरेष्ट्रीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी वा सो सरह उत्तीर्ण गरी नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाबाट वन सम्बन्धी तह २ को सीप परिक्षा उत्तीर्ण वा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट कम्तीमा तीस कार्यदिनको वन सम्बन्धी तालिम प्राप्त गरेको।

७. **अ.न.मी., स्वास्थ्य, प.हे.न. :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्ष उत्तीर्ण।

८. **अ.हे.व, स्वास्थ्य, हेल्थ इन्सपेक्सनः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. वा सि.एम.ए.कोर्ष उत्तीर्ण।

९. **कोल्डचेन असिष्टेन्ट, स्वास्थ्य, हेल्थ इन्सपेक्सनः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. वा सि.एम.ए.कोर्ष उत्तीर्ण।

१०. **बैद्य, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेदः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी एक वर्षको सहायक आयुर्वेद कार्यकर्ता कोर्ष उत्तीर्ण।

११. **ल्याव असिष्टेन्ट, स्वास्थ्य, मे.ल्या.टे.,ज.मे.ल्या.टे. :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ ल्याब विषयमा टी.एस.एल.सी. वा सो सरह उत्तीर्ण।

१२. **डार्करुम असिष्टेन्ट, स्वास्थ्य, रेडियोग्राफीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. मा विज्ञान विषय लिई उत्तीर्ण गरी सम्बन्धित विषयमा कम्तिमा ६ महिनाको तालिम प्राप्त।

१३. **प्रशासन सहायक, प्रशासन, प्रशासनः-** मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा (एस.एल.सी./एस.इ.इ.) वा सो सरह उत्तीर्ण।

१४. **लेखा सहायक, प्रशासन, लेखाः-** मान्यताप्राप्त शिक्षण संस्थाबाट गणित वा ऐन स्रेस्ता वा ऐच्छिक लेखा विषय लिई प्रवेशिका परीक्षा (एस.एल.सी./एस.इ.इ.) वा सो सरह उत्तीर्ण।

१५. **स.म.वि.नि, प्रशासन, विविधः-** मान्यताप्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण।

***नोटः ग्रेडिङ प्रणाली लागू भए पश्चात् प्रवेशिका परीक्षा (एस.एल.सी./एस.इ.इ.) वा सो सरह परीक्षा उत्तीर्ण गर्ने उम्मेदवारहरूको हकमा GPA 2 वा सोभन्दा माथिको ग्रेड प्वाइण्ट प्राप्त गरेकोलाई न्यूनतम योग्यता पूरा भएको मानिनेछ ।***

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश

## आन्तरिक प्रतियोगिता, खुला तथा समावेशी परीक्षाको लागि सूचना

(क) गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ को दफा १९ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

(ख) प्रदेश निजामती सेवाको आन्तरिक प्रतियोगिता तर्फ दरखास्त दिन गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ९ को उपदफा (१०) र नियमावलीको नियम ७३ बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।

(ग) स्थानीय सेवाको आन्तरिक प्रतियोगिता तर्फ दरखास्त दिन स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ को दफा १० को उपदफा (१०) र नियमावलीको नियम ६८ बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।

(घ) खुला र समावेशीतर्फको लिखित परीक्षा एकै मिति र समयमा हुनेछ (प्रत्येक सेवा/समूह, खुला तथा समावेशी समूहको लागि छुट्टाछुट्टै परीक्षा दिनु पर्ने छैन) ।

(ङ) आन्तरिक, खुला तथा समावेशीतर्फको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा एकमुष्ट रुपमा प्रकाशन गरिनेछ।

(च) समावेशी समूहतर्फ लिखित परीक्षावाट छनौट भएका उम्मेदवारहरूले समावेशी समूहको प्राथमिकताक्रम रोज्न पाउने छैनन् । उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरूको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ ।

(छ) सबै चरणको परीक्षा पश्चात प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) अनुसार नियुक्तिको लागि सिफारिश गरिनेछ ।

## समावेशी समूहतर्फका विज्ञापनमा दरखास्त दिन चाहने उम्मेदवारहरूका लागि विशेष निर्देशन

(क) आदिवासी/जनजातिको हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ।

(ख) दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ।

(ग) आर्थिक रूपले विपन्न खस/आर्यको हकमा प्रचलित कानून बमोजिम गरिबीको परिचय पत्र प्राप्त गरेको भए सो परिचय पत्र वा परिचय पत्र नभएको हकमा सम्वन्धित स्थानीय तहले **"कानून बमोजिम तोकिए भन्दा कम वार्षिक आय भएको विपन्न खस/आर्य समुदायको व्यक्ति"** भनी प्रदान गरेको सिफारिस पेश गर्नुपर्नेछ।

(घ) अपाङ्गता भएका व्यक्तिको हकमा समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको बर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र पेश गर्नुपर्नेछ।

(ङ) थारूको हकमा थारू आयोगबाट सूचीकृत भएको जातिको सूचीको आधारमा तर, थारू आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ।

(च) मुस्लिमको हकमा मुस्लिम आयोगबाट सूचीकृत भएको जातिको सूचीको आधारमा, तर, मुस्लिम आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ।

(छ) मधेसीको हकमा मधेसी आयोगबाट सूचीकृत भएको जातिको सूचीको आधारमा, तर, मधेसी आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ।

**द्रष्टव्य**

(क) आन्तरिक प्रतियोगिता तथा समावेशी समूहतर्फ छुट्टाइएको सबै वा केही पद पूर्ति हुन नसकेमा सोही वर्षको खुला प्रतियोगिताद्वारा पूर्ति हुने भनी सेवा शर्तसम्बन्धी कानूनमा उल्लेख भएबमोजिम त्यसरी पूर्ति हुन नसकेका पद एकीन गरी खुलातर्फको पदसंख्यामा जोडी हुन आउने पदसंख्यालाई रिक्त पदसंख्या मानी लिखित परीक्षाको नतिजा प्रकाशन गरिनेछ।

(ख) गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १० को उपदफा (२) र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ११ को उपदफा (२) बमोजिम **आरक्षणको सुविधा एक व्यक्तिले सेवा अवधिभरमा एक पटक मात्र पाउनेछ।**

(ग) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

(घ) गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम समान तह/श्रेणीका पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले यस्ता उम्मेदवारले दरखास्त दिन पाउने छैनन्।

(ङ) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(च) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ। तर नेपालका विश्वविद्यालयहरूबाट निर्धारित शैक्षिक योग्यता पुरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरूले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन सम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने उम्मेदवारहरूको हकमा, यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन भित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भईसकेको रहेछ र सो पुष्ट्याई हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अविधि भित्र उक्त उपाधिको सबै परीक्षाहरू उत्तीर्ण गरिसकेको (सबै वर्ष/सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्कपत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पुरा भएको मानिनेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ।

(छ) लिखित परीक्षाको हकमा सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा १० (दश) दिन अगावै आयोगको कार्यालयमा लिखित निवेदन दिनुपर्नेछ।

(ज) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता प्रमाण पत्र, समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरूको सक्कलका साथै सो को १/१ प्रति प्रतिलिपि उम्मेदवार स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(झ) लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(ञ) सूचनामा उल्लेखित विषय वाहेक अन्य विषयहरू प्रदेश लोक सेवा आयोग ऐन, नियमावली तथा निर्देशिका बमोजिम हुनेछ।

(ट) दरखास्त भर्ने तरिका सम्वन्धी जानकारीको लागि वेवसाइटमा राखिएको User Manual हेर्न सकिनेछ।

(ठ) पाठ्यक्रम आयोगको वेबसाइट ppsc.gandaki.gov.np बाट प्राप्त गर्न सकिने छ।

**थप जानकारीका लागिः** ०६१-४५७८७३

Website:- **http://ppsc.gandaki.gov.np** **E-mail:** gandakipsc2076@gmail.com

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश